# ईश्वरपुर नगरपालिकाको आठौं नगर अधिवेशन २०७९ असार १० गते नगर प्रमुख श्री मनोज कुमार आचार्यले प्रस्तुत गर्नु भएको

# आगामी आर्थिक वर्ष २०७९।०८० को नीति, कार्यक्रम तथा बजेट वक्तव्य


## ईश्वरपुर नगरपालिका

**ईश्वरपुर, सर्लाही**

**मधेश प्रदेश**

**www.ishworpurmun.gov.np**

ईश्वरपुर नगरपालिका

आ.व. २०७९/०८० को लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट

**ईश्वरपुर नगरपालिकाका उपप्रमुखज्यू,**

**नगरसभाका सदस्य ज्यूहरु**

१. ईश्वरपुर नगरपालिकाको ८औं नगर सभाको गरिमामय अधिवेशन समारोहमा नगरपालिका परिवार र मेरो व्यक्तिगत तर्फबाट यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु ।

२. यस गरिमामय अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, मधेश आन्दोलन, जन आन्दोलन लगायत जनअधिकारकालागि भएका सम्पूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुको योगदान प्रति उच्च सम्मान अर्पण गर्दछु । साथै नेपालको प्रजातान्त्रिक आन्दोलनहरूको नेतृत्व गर्नु हुने सम्पूर्ण आदरणीय अग्रज नेताज्यूहरू प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

३. भर्खरै सम्पन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ वाट स्थानीय तहले दोस्रो कार्यकालको नेतृत्व प्राप्त गरेको छ । सोही निर्वाचनको माध्यमवाट हामीलाई ईश्वरपुर नगरवासीहरुले स्नेहपुर्ण साथ सहयोग र नेतृत्व परिवर्तनकोलागि अमुल्य मत प्रदान गर्दै हामीलाई निर्वाचित गरेकोमा आज नगरसभाको गरिमामय अवसरमा सम्पुर्ण ईश्वरपुर नगरवासीलाई धन्यवाद सहित हार्दिकतापुर्वक आभार व्यक्त गर्दछु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी नेपाली जनतामा निहित सार्वभौमसत्ता, नेपालको अखण्डता, नेपाली वीचको एकतालाई अझ मजवुत तथा वृहत बनाई शान्त, समुन्नत र सुन्दर नेपालको निर्माणकालागि संघीय सरकार र प्रदेश सरकारले अघि वढाएका नीतिकार्यक्रमलाई उच्च प्राथमिकतामा राखी ईश्वरपुर नगरपालिकाको सर्वाङ्गिण विकासकोलागि नीतिगत आधारहरु तय गरेको छु ।

५. सिन्धुली जिल्लाको सिमाना चुरे श्रृंखला देखि तराई मधेशको समतल भूमिसम्म फैलिएको सर्लाही जिल्लाको सवैभन्दा ठुलो भूगोल १६३.८३ वर्ग किलोमिटर क्षेत्रफल र २०७८ को राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार १३,७७६ घरधुरी र ६८,६२६ जनसंख्या भएकाले वढी जनसंख्याको स्थानीय तह पनि हो । विविधतायुक्त भुगोलमा वसोवास गर्ने मधेशी, मुस्लिम, चौधरी र पहाडी समुदायहरूका आ-आफ्नै विशिष्ठ संस्कृति र सभ्यताको बाहुल्यता रहेको यस नगरीमा बहुजातिय, वहुभाषिक र वहुसाँस्कृतिक एवं वहुधार्मिक सौहार्दता र सहकार्यको इतिहास वर्तमानसम्म अक्षुण रहदै आएको छ ।

६. "ईश्वरपुर" र यहाँ स्थित बयलवास बजार राष्ट्रिय पहिचान प्राप्त विशेष स्थान भएको व्यहोरा हामी सवैलाई विदितै छ । विशेषतः विगतमा पशुहाट बजारले प्रख्यात "ईश्वरपुर" आज अन्न भण्डार, कृषि उपज गल्ला बजार, तरकारी उत्पादन र माछा उत्पादन पकेट क्षेत्रको रुपमा राष्ट्रिय पहिचान बनाएको छ । राष्ट्रिय पहिचानयुक्त विकासको आधारस्तम्भ तयार गर्ने आदरणीय अग्रजज्यूहरू, समाजसेवीहरु, उद्योगी, व्यवसायी, कृषक, आमाबुबा, दिदिबहिनी र दाजुभाईहरूको अमुल्य योगदान प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

७. स्थानीय तहको निर्वाचनमा ईश्वरपुर नगरपालिकालाई सम्वृद्ध गर्न हामीले तयार गरेको घोषणपत्रमा æशिक्षा, स्वास्थ्य र रोजगार, सम्वृद्धिको मूल आधार" भन्ने प्रतिवद्धता सहित "ईश्वरपुर नगरपालिकाको सम्वृद्धिको लागि हामीले तयार गरेको "शिक्षा, स्वास्थ्य, सामाजिक र आर्थिक विकास एवं दिगो पुर्वाधार, ईश्वरपुर नगर उन्नतीका पा""च वद्या आधार" भन्ने मूल नारालाई कार्यान्वयन गर्न "हाम्रो नगर हाम्रो २१ बुँदे कार्ययोजनाको प्रतिवद्धता, हाम्रो कार्यकाल, प्रगतिको सुनिश्चितता" भनी क्षेत्रगत रुपमा कार्ययोजना तयार गरी ईश्वरपुर नगरवासी समक्ष प्रतिवद्धता गरेका छौ ।

८. हामीले तयार गरेको कार्ययोजनालाई जनादेश प्राप्त हाम्रो कार्यकाल भित्र कार्यान्वयन गरि सम्वृद्ध नगर विकासको आधारस्तम्भ तयार गर्न तपाईहरु मार्फत संकल्प र अठोट गर्दछु ।

९. विकास र सम्वृद्धिको मूल आधारलाई सूचकमा रुपान्तरण गरि वार्षिक नगर विकास योजना, आवधिक योजना र २० वर्षे रणनीतिक योजना तयार गरि क्रमशः सोही अनुसार कार्यान्वयन गरिने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु**

**१०.** अब, म, आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत मार्गदर्शन, आधार र अपनाईएका पद्धति यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हकको सुनिश्चिताकोलागि स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ तथा ९ ले स्थानीय सरकारका लागि तोकेको राजस्व परिचालनको व्यवस्था, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी वित्त हस्तान्तरण सम्वन्धी व्यवस्था
- स्थानीय सरकार संचालन ऐन, २०७४ का व्यवस्थाहरू,
- १५ औं पञ्चवर्षिय योजनाको आधार पत्रमा निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु, रणनीति तथा कार्यक्रमहरू
- दिगो विकासका लक्ष्य प्राप्तीको लागि अङ्गीकार गरेका प्राथमिकताहरु ।
- नेपाल सरकार अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, एवं प्रदेश सरकारबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु ।
- बिकासका समसामयिक मुद्दाहरू: सामाजिक सशक्तिकरण र समावेशीकरण, सामाजिक न्याय र सुरक्षा, समावेशी र वालमैत्री तथा वातावरणमैत्री स्थानीय विकास, आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा र पूर्ण साक्षरता, खाद्य तथा पोषण सुरक्षा, सरसफाई, स्थानीय पूर्वाधार विकास, टोलबस्ती विकास, आधारभूत शहरी पूर्वाधार विकास, दिगो बिकासका लक्ष्यहरु, विपद व्यवस्थापन, जलवायू परिवर्तन व्यवस्थापन लगायतका अन्तरसम्वन्धित विषयहरू ।
- विषयगत समितिहरू र योजना तर्जुमा तथा कार्यक्रम छनौट समितिबाट सिफारिस भै आएका नीति तथा कार्यक्रमहरू,
- स्थानीय राजस्व परामर्श समितिबाट प्राप्त नीतिगत तथा कार्यक्रम सम्वद्ध सिफारिसहरू,
- बजेट सीमा निर्धारण समितिको निर्णयहरू,
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस,
- विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि, विभिन्न सरोकारवालासँगको छलफल तथा प्राप्त सुझावहरू,
- स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचनको क्रममा जनतासंग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय-समयमा जनतासंग गरेका वचनवद्धताहरु ।
- यस नगरपालिकामा निर्वाचित हुनु भएका पदाधिकारीहरूको प्रतिवद्धता पत्रहरू ।

११. अव म हाम्रो प्रतिवद्धता बमोजिम "शिक्षा, स्वास्थ्य, सामाजिक र आर्थिक विकास एवं दिगो पुर्वाधार, ईश्वरपुर नगर उन्नतीका पा"च वटा आधार" लाई कार्यान्वयन गर्न विषयगत रुपमा तयार गरिएको प्रस्तावित नीति, रणनीति, कार्ययोजना र कार्यक्रम यहाँ समक्ष प्रस्ताव गर्दछु

१२. सामाजिक विकासः

**शिक्षा तर्फ**

यस नगरक्षेत्रमा शिक्षाको ज्योती उजागर गर्न सामुदायिक तर्फ १ क्याम्पस, ७ वटा मावि, ३१ वटा आधारभुत तहका विद्यालयहरु र सो विद्यालयमा ३० वटा वालविकास कक्षाहरु रहेका छन भने संस्थागत तर्फ ३ मावि र १३ वटा आधारभुत विद्यालयहरु रहेका छन । १ वटा गुरुकुल विद्यालय, १२ वटा मदर्शा विद्यालय रहेका छन । यी विद्यालय र विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थीको हित सहित समग्र शैक्षिक क्षेत्रको विकासकोलागि निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

- स्थानीय शिक्षा तथा शिक्षण पेशालाई मर्यादित वनाइने छ ।
- वाल विकास, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको पारिश्रमिक क्रमश वृद्धि गर्दे लगिने छ ।
- बालविकास देखि कक्षा १२ सम्म निशुल्क र अनिवार्य शिक्षाको व्यवस्था मिलाइने छ ।
- नगरपालिका भित्रका सवै माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- सम्पुर्ण विद्यालयहरुमा शैक्षिक गतिविधिको लागि कार्ययोजना वनाई प्रभावकारी अनुगमनको व्यवस्था मिलाइने छ ।
- नारायण वहुमुखी क्याम्पसलाई सम्पन्न पूर्वाधारयुक्त वनाई शैक्षिक संकाय र स्तर अभिवृद्धि गरिने छ ।
- विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षकको दरवन्दी मिलान गरिने छ ।
- सम्पुर्ण विद्यालयहरुमा अंग्रेजी माध्यमवाट पठपाठनकोलागि आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।
- उत्कृष्ट शिक्षण सिकाई र परिमाण दिने विद्यालयलाई पुरष्कृत गरिने छ । अन्य विद्यालयलाई क्रमशः शैक्षिक सुधारका लागि आवश्यक नीतिगत व्यवस्था मिलाइने छ ।
- विद्यालय पुर्वाधार सुधारको लागि विभिन्न निकायहरुसंग समन्वय र सहयोग प्राप्त हुने गरी आवश्यक बजेट विनियोजन गरिने छ ।
- वाल विकास नभएका विद्यालयमा क्रमशः वालविकास कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ ।
- शिक्षा ऐनलाई संघीय शिक्षा ऐनसंग नबाझिने गरि संसोधन गरिने छ ।
- स्थानीय भाषामा पाठ्यक्रम निर्माणको लागि आवश्यक नीतिगत व्यवस्था मिलाइने छ ।
- शैक्षिक क्यालेन्डर तयार गरी समग्र विद्यालयको पठन पाठनको समयक्रमलाई एकरुपता कायम गरिने छ । सम्पुर्ण विद्यालय र विषयगत शिक्षक लगायत शिक्षकहरुको विवरण (profile) तयार गरिने छ ।
- गुणस्तरीय शिक्षा अभिवृद्धिकालागि क्षमता अभिवृद्धि, अध्ययन अवलोकन र प्रविधिमैत्री पुर्वाधार निर्माण तथा नीति, कार्यनीति तयार गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु

**स्वास्थ्य तर्फ**

यस नगरक्षेत्रमा नगरवासीको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न हाल ५ वटा स्वास्थ्य चौकी, ४ वटा वर्थिङ सेन्टर र ५ वटा आधाभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा आर्यूवेद सेवा केन्द्रवाट जनस्वास्थ्यको सेवा प्रवाह भइरहेको छ । संघीय सरकारको सहयोगमा निर्माण भएको १५ वेडको अस्पताल भवन जनशक्ति र उपकरण अभावमा यथावत रहेको अवस्थामा हामीले पदवहाली गरेको दिनवाट वहिरंग सेवा सञ्चालन गरेका छौ । यसै आ.व.मा ल्याव स्थापना गरी आगामी आ. ब. मा एक्स रे मेशिन सहितको सेवा दिने व्यवस्था मिलाएको छु । यस अस्पताललाई २५ वेडमा रुपान्तरण गरी नगर अस्पतालको रुपमा विकास गर्न आवश्यक नीति, कार्यक्रम र बजेटको व्यवस्थापन गरेको छु ।

जनस्वास्थ्य सेवाको गुणात्मक सुधार, भौतिक पुर्वाधार विकास र जनशक्ति व्यवस्थापन कार्यलाई वार्षिक नगर विकास योजना, आवधिक योजना र २० वर्षे रणनीतिक योजनाको माध्यमवाट क्रमश व्यवस्थापन गर्दै जाने व्यवस्था मिलाउने छु । समग्र जनस्वास्थ्य सेवालाइ प्रभावकारी, जनमैत्री र जनताको पहुँच वृद्धि गर्न निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

- सामुदायिक स्वास्थ्य सेवा अभियान अर्न्तगत सुविधा सम्पन्न २५ वेडको अस्पतालमा रुपान्तरण गर्ने ।
- अन्य स्वास्थ्य संस्थाको सेवा प्रवाह र सेवाग्राहीको संख्यात्मक विश्लेषण गरि वढी सेवाग्राही भएका स्वास्थ्य संस्था र जनशक्तिको स्तर वृद्धि गर्न पहल गरिने छ ।
- नागरिक जीवन रक्षा कार्यक्रम अन्तर्गत मृगौला रोगीहरुलाई संघीय सरकार र प्रदेश सरकारसंग सहकार्य गरी निशुल्क डायलाईसिस सेवा केन्द्र स्थापना गर्न पहल गर्ने छु । यसको पूर्व तयारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- जनस्वास्थ्य सेवाको गुणात्मक सुधारको लागि आधुनिक उपकरण, ल्यावको व्यवस्था, भौतिक पुर्वाधार सुधार र उच्च तहका जनशक्ति व्यवस्थापन गर्दै लैजाने व्यवस्था वार्षिक नगर विकास योजना, आवधिक योजना र २० वर्षे रणनीतिक योजनामा समावेश को माध्यमवाट क्रमश व्यवस्थापन गर्दै जाने व्यवस्था मिलाउने छु ।
- नगरपालिकाको मुख्य बजारमा नगर औषधि पसल स्थापना गरी नागरिकलाई सुलभ दररेटमा औषधि विक्रि वितरणको प्रवन्ध मिलाउने छु ।
- गरिव, जेष्ठ नागरिक तथा गर्भवति महिलाहरुलाई निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराई जीवन रक्षा गर्न आवश्यक नीति र कार्यविधि तयार गरि कार्यान्वयनको व्यवस्था आगामी आ.व.वाट प्रारम्भ गर्न बजेट विनियोजन गरेको छु ।
- जनस्वाथ्य सेवा प्रवाहमा संलग्न जनशक्तिलाई कार्यसम्पादन मूल्यांकनमा आधारित सेवा सुविधा उपलब्ध गराउने व्यवस्थाको लागि आवश्यक नीति तर्जूमा गरी आगामी आ.व.वाट प्रारम्भ गर्न बजेट विनियोजन गरेको छु ।
- विपन्न नागरिकहरुको स्वास्थ्य बिमा सहयोग कार्यक्रम प्रारम्भ गरिने छ ।
- जेष्ठ नागरिकसँग मेयर तथा जेष्ठ नागरिकका लागि घुम्ती स्वास्थ्य सेवा संचालन गर्न आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।
- महिला स्वंयसेविकाहरुले समुदायमा पुर्‍याइको योगदानलाई कदर गरी सेवा निवृत हुँदा केही सहयोग उपलब्ध गराउन महिला स्वंय सेविका सेवा निवृत सहयोग कोष र अक्षय कोषको स्थापना गरि सहयोग दिने प्रवन्ध मिलाउने छु ।
- आर्युवेद सेवा केन्द्रलाई आर्युवेद अस्पतालको रुपमा विकास गर्न भवन निर्माण गर्न आवश्यक भएकोले दाताहरुवाट निशुल्क जग्गा उपलब्ध गराउन नागरिकहरु समक्ष हार्दिक अपिल गर्दछु । साथै जग्गा प्राप्त भएपश्चात संघीय निकायवाट बजेट विनियोजन गर्न आवश्यक पहल गरिने छ ।
- उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरुको संरक्षण एवं व्यवस्थित विकास गर्ने नीति अवलम्बन गरिने छ ।
- आयुर्वेद प्रणालीको संरक्षण, क्रमबद्ध विकास एवं विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिने छ । त्यसको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधीजन्य जडीबुटीको संरक्षण, क्रमबद्ध विकास, विस्तार र उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरुलाई नियमन गरिने छ ।
- आर्युवेद औषधालय बाट दिईने सेवा प्रभावकारी र गुणस्तरीय बनाउन पञ्चकर्म सेवा सञ्चालन, चिकित्सा सेवा, औषधि, उपकरण तथा जनशक्तिको ब्यवस्थापन गरिने छ ।

- स्वस्थ्य जीवनशैलीको लागि योगा महत्वपुर्ण भएकोले योगा शिक्षाका लागि आवश्यक अभ्यासको कार्यक्रम सञ्चालन गरिने छ ।
- आर्युवेदमा जेष्ठ नागरिक तथा वालवालिका तथा मातृशिशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- वडास्तरमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन प्रारम्भ गरिने छ ।
- कोरोनाले विश्वव्यापी महामारीको प्रकोप बाट आम जनतालाई बचाउन कोभिड विरुद्य खोप अभियान जारी राखिनेछ । यसकालागि आवश्यक वजेट व्यवस्था गरिने छ, कीटको व्यवस्था, आइसोलेशन, औषधि, मास्क, पि.पि.ई. तथा प्रभावित ब्यक्तिहरुलई  राहतका सामानहरु उपलव्ध गराउने नीति लिईने छ ।
- स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न आवश्यक नीति नियम तर्जुमा गरि नियमित रुपमा अनुगमन गरिने छ । स्वास्थ्य क्षेत्रमा कृयाशिल समिति तथा स्वास्थ्यसँग सम्बन्धित मातहतका निकायहरुलाई सक्षम तथा जवाफदेही बनाइने छ ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनुका साथै स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइने छ ।
- केन्द्र तथा प्रदेश सरकार र जिल्ला अस्पतलसँग समन्वय गरी समय समयमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण शिविरको आयोजना गरिने छ ।
- नेपालको संबिधान २०७२ र स्थानिय सरकार सन्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका स्वास्थ्य सेवा सँग सम्बन्धित बाँकी सबै ऐन,नीति,रणनीतिहरु बनाउने कार्य सम्पन्न गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गरी आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवम् जवाफदेहिपूर्ण गुणस्तरीय स्वास्थ्य सेवा प्रणालीको विकास गरि स्वास्थ्य सेवालाई सबै नागरिकहरुको पहुचयोग्य र सर्वसुलभ बनाइने छ ।
- पुर्ण खोप पालिका, दिगोपना कायम राख्ने, पोषणमैत्री पालिका घोषणा, जिरो होम डेलिभरि गर्ने कार्यक्मकहरु अवलम्बन गरिनेछ ।
- मातृ मृत्युदर शुन्यमा झार्न हरेक गर्भ इक्छित र हरेक शिशुको जन्म सुरक्षित बनाईनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच पुऱ्याउन अनिवार्य स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरी क्रमश: अधिकतम स्वास्थ्य सेवा प्रदान गर्दै लगिने छ ।
- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रिय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ । तयारी खाद्य वस्तुको बारेमा बढाई चढाई विज्ञापन गर्ने कार्यलाई निरुत्साहित गरिने छ । “सुनौलो हजार दिन” सम्बन्धी जागरणलाई निरन्तरता दिइने छ । नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइने छ ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एंव बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिबृद्धि तथा शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको साथै प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य, मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना, सुनौलो हजार जस्ता विद्यमान योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन एवं अन्य प्रवर्द्धनात्मक,निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- क्षयरोग, कुष्ठरोग, यौनरोग तथा एच.आई.भी. एड्स,लागु औषध दुर्व्यसन र सर्ने,नसर्ने रोगको रोकथाम तथा उपचार तथा सचेतनामूलक एवं उपचारात्मक र पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिने छ । अन्य कीटजन्य रोग नियन्त्रण एवं मानसिक स्वास्थ्य, निशुल्क आँखा सेवा बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवं सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

**खानेपानी तथा सरसफाई**

- नगरक्षेत्र भित्र खानेपानी र सरसफाईको कठिनता मापन गरी खानेपानी र सरसफाई सम्बन्धी आयोजना र कार्यक्रमहरु संचालन गरिनेछ ।
- सबै नगरबासीको स्वच्छ खानेपानीमा सुलभ पहुँच सुनिश्चित गर्न खानेपानीको स्रोत संरक्षण, नयाँ स्रोतको खोजी र खानेपानी वितरण प्रणाली निर्माण तथा विस्तार गर्ने कार्य सुरू गरिने छ ।
- ईश्वरपुर नगरपालिका वडा नं. १२ कालिन्जोर क्षेत्रमा दिगो खानेपानी व्यवस्थाको लागि संघीय सरकार र प्रदेश सरकार एवं विभिन्न दातृ निकायसंग समन्वय गरी आयोजना निर्माणको व्यवस्थापन कार्य अगाडि वढाइने छ । साथै वडा नं. १३ र १४ को प्रभावित क्षेत्रमा पनि आवश्यक व्यवस्थापनको कार्य अगाडि वढाउने छु ।
- हाल खानेपानीको सुविधा वडा नं. ४, ५, ७ र ९ मा उपलब्ध हुँदै आएकोमा अन्य वडामा पनि सेवा विस्तारको लागि आवश्यक पहल गर्ने नीति प्रस्ताव गरेको छु ।

**महिला, वालवालिका, जेष्ठ नागरिक तथा अन्य लक्षित समुह**

- विपन्न र पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तिकरण, क्षमता विकास र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सबै वडामा सञ्चालन गरिनेछ ।
- महिला र वालवालिका क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वंयम सेविकाहरुको सम्मान र प्रोत्साहनका लागि साविक बमोजिम उपलब्ध गराईएको पोसाक सुविधाका साथै मासिकरुपमा प्रदान गर्दै आएको प्रोत्साहन भत्तालाई क्रमशः बृद्धि गरिनेछ । उक्त भत्ता आगामी आ.ब. मा रू. २,०००।- पुऱ्याईनेछ ।
- ईश्वरपुर नगरपालिकालाई वालमैत्री शासनयुक्त नगरपालिका वनाउने अभियान प्रारम्भ गरिने छ । स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रकृया एवम् योजना तर्जुमा, श्रोतको विनियोजन, कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनमा विशेष ध्यान पुऱ्याउदै यथाशिघ्र यस नगरलाई वालमैत्री नगर बनाउने नीति तर्जुमा गरी कार्यान्वयन प्रकृया अगाडि वढाइने छ । वालविवाह मुक्त नगरपालिका, वालश्रम मुक्त नगरपालिका प्राथमिकता राखी कार्यक्रम वनाइने छ ।
- अपाङ्गता भएको व्यक्तिहरुको लगत संकलन गरी आवश्यक शीपमुलक तालिम र सहायता सामग्रीमा सहयोग गर्दै आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवम् सामाजिक सुरक्षामा विशेष जोड दिईनेछ । अति अशक्त व्यक्ति र वृद्ध जेष्ठ नागरिकहरुलाई घरदैलोमा सामाजिक सुरक्षा रकम वितरण गर्ने प्रवन्ध मिलाइने छ ।
- दलित एवम् आदिवासी जनजाति, मुस्लिम र पिछडा वर्गहरुको शीप, क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै उक्त समुदायलाई फाईदा पुग्ने विशेष पूर्वाधार निर्माणमा जोड दिईनेछ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत तथा व्यक्तिगत क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- जेष्ठ नागरिक, एकल र विधवा महिला, असक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ

- एकल महिला, अपाँङ्गता भएका ब्यक्ति, द्वन्द पिडीत, घरवार विहिन, तथा अति गरिव लगायत आर्थिक सामाजिक रुपमा पछाडि पारिएका परिवारका सदस्यहरूकालागि स्वरोजगारमुलक तालिम संचालन गरिनेछ ।
- वालमैत्री तथा अपांग मैत्री नीति र कार्यविधिहरु वनाइ कार्यक्रमहरु तर्जूमा गरिने छ
- सामाजिक समावेशीकरण सम्वन्धी नीति, सामाजिक विभेद निवारण कार्यविधि तयार गरिने छ ।
- वालवालिका पुर्नस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र तथा असक्त स्याहार केन्द्र निर्माणको लागि बजेट विनियोजन गरिने छ ।
- आर्थिक रुपमा विपन्न नागरिकहरुलाई आय आर्जन अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- वाल उद्यान निर्माणका लागि सम्भांव्यता अध्ययन गरी योजना निर्माण गर्न बजेट विनियोजन गरिने छ
- सामाजिक सुरक्षा तथा संरक्षण सम्वन्धी नीति तथा कार्यक्रम तर्जूमा गरिने छ ।

**गैरसरकारी संस्थासंग सहकार्य**

सामाजिक क्षेत्रको विकासकोलागि गैर सरकारी संस्थाको भूमिका महत्वपुर्ण रहने हुन्छ । विशेषत: महिला, बालवालिका, जेष्ठ नागरिक, दलित, अति गरिव, पिछडिएको वर्गको सामाजिक र आर्थिक उत्थानमा गैरसरकारी संस्थाको अपरिहार्यतालाई महशुस गरी ईश्वरपुर नगरपालिकामा कार्यक्षेत्र वनाई काम गर्न इच्छुक राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थालाई विशेष प्रोत्साहन गरिनेछ । हाल कार्यरत सेभ द चिल्ड्रेन, ग्रामीण नारी उत्थान संघ, रुपान्तरण नेपालसंग भई रहेको सहकार्यलाई निरन्तरता दिइने छ । स्थानीय तह र गैसस एवं नीजिक्षेत्र बीच साझेदारी प्रवन्धको लागि आवश्यक नीति र कार्यविधि तयार गरिने छ ।

**नागरिक सुरक्षा र सुरक्षा निकायको सबलीकरण**

- नागरिको सुरक्षाको प्रत्याभूति राज्यको तर्फवाट सुनिश्चित हुनु पर्ने व्यवस्थालाई सघाउ पुर्‍याउन भौगोलिक दुरीको हिसावले विद्यमान प्रहरी कार्यालयावाट ईश्वरपुर नगरपालिका भित्रका केही वडामा शान्ति सुरक्षा व्यवस्थापन गर्न कठिनाई देखिएकोले वडा नं. १२ कालिन्जोर र वडा नं. १ चौलिखा बजार क्षेत्रमा प्रहरी चौकी स्थापना गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- बयलवास बजार क्षेत्रमा सुरक्षा व्यवस्था निगरानीकोलागि सिसि क्यामेरा जडानको लागि आवश्यक प्रवन्ध गरिनेछ । अन्य बजार क्षेत्रमा क्रमश: सिसि क्यामेरा जडान गरिदै लगिने छ ।
- सुरक्षा निकायको भौतिक सुधार सबलीकरणमा सहयोग पुर्‍याइने छ ।

**संस्कृति प्रवर्द्धन**

- विभिन्न धर्म, संस्कृति, चाडपर्व, कला र रितीरिवाजलाई बचाई राख्न सम्बन्धित धार्मिक पूर्वाधारहरुको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी पूजा-पाठ, मेला संचालन वा अन्य प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याईने नीति अवलम्वन गरिने छ ।
- ईश्वरपुर नगरको ऐतिहासिक तथा साँस्कृतिक मूर्त तथा अमूर्त सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा विद्यालय परिवार र स्थानीय क्लवलाई परिचालन गर्ने नीति लिईनेछ ।

१३. आर्थिक विकास

नागरिकको आर्थिक उन्नती विना समग्र नगरको उन्नती नहुने संभावनालाई मध्यनजर गर्दै आर्थिक विकासकालागि विशेष प्राथमिकता दिइने छ । यसका साथै लगानी मैत्री वातावरण तयार गरी स्थानीयस्तरमा रोजगारी वृद्धि गर्न आर्थिक क्रियाकलापमा स्थानीय सहभागिता अभिवृद्धि तथा वाह्य लगानी प्रवर्द्धन गर्ने व्यवस्था अगाडि वढाइने छ । स्थानीय आयस्रोतको दायरा बढाई नगरको आय

बृद्धि गर्ने र स्थानीय प्राथमिकताका क्षेत्रमा लगानी बढाउँदै स्वावलम्बन हासिल गर्ने दिशामा उन्मुख हुन वातावरण सृजना गर्ने छ ।

**कृषि**

- यस नगरपालिकाका कृषकहरुलाई कृषि खेतिमा आत्मनिर्भर बनाउन तरकारी खेतीलाई प्रोत्साहन गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरि वडा नं. ५ फुलजोरमा आवश्यक जग्गा व्यवस्थापन गरी बजार व्यवस्थापन र पुर्वाधार तयार गरिनेछ । यस कार्यको लागि आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।
- संघीय सरकारको नीति बमोजिम कृषकहरुलाई कृषक समुहमा आवद्ध गर्दै कृषक सहकारी गठन गरी ढुवानीको साधनमा प्राप्त हुने छुट रकमको उपयोग गरी ढुवानी साधन खरिद गर्न सहयोग दिने व्यवस्था मिलाएको छु ।
- गँहुको विऊमा ५० % अनुदान दिने व्यवस्थालाई निरन्तरता दिदै धानको विउ र सिचाई मोटरमा ५० % प्रतिशत अनुदान दिन आवश्यक बजेट विनियोजन गरेको छु । यसैगरी डिजिटल स्प्रेयर, हाते ट्रेक्टर र थ्रेसरमा ५० % अनुदान दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- समुहमा खेतिगर्ने किसानहरुलाई आवश्यक प्रविधिहरु अनुदानको रुपमा हस्तान्तरण गरिने छ ।
- मकै खेतीलाई संरक्षण, प्रबर्द्धन तथा प्रोत्साहित गर्न मकै पकेट क्षेत्र कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ ।
- उन्नत विउ विजन, मलखाद सर्वसुलभ मिलाउन सम्वन्धित निकायहरुसंग पहल गरी आवश्यक प्रवन्ध गर्ने छु ।
- कृषि विद्युतिकरण, डिप बोरिङ, कृषि बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अवलम्बन गरिने छ ।
- सतह सिंचाईकोलागि अमुवा खोलाको विशष सम्भावना देखिएकोले अमुवा खोला लगायत बाँकेखोलावाट सिचाई सुविधा उपलब्ध गराउने व्यवस्थाकोलागि सम्भाव्यता अध्ययन गरिने छ ।
- विगत विभिन्न निकायले निर्माण गरेका डिप ट्युवेल मर्मत अभावमा वन्द भएकोले मर्मतको लागि आवश्यक प्रवन्ध मिलाइने छ ।
- कृषि उपज भण्डार गरी कृषकको आय अभिवृद्धि गर्न संघ/प्रदेश सरकार तथा दातृ निकायको सहयोगमा शितभण्डार गृह निर्माणको लागि आवश्यक प्रवन्ध मिलाउन प्रस्ताव गरेको छु ।
- कृषि सेवा कार्यालयको भवन जिर्ण अवस्थामा रहेकोले नयाँ भवन निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

**पशु**

- वडा नं. १२ र १५ मा पशु सेवा केन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइने छ । अन्य वडामा सेवा प्रवाह गर्न नीजि प्राविधिकहरु संग समन्वय गरि आवश्यक प्रवन्ध मिलाइने छ ।
- **गोठदेखि ओठसम्म** सफा र स्वस्थ दुग्ध उपभोक्तासम्म पुर्‍याउन मिल्क क्यान, घाँसको बिउ, बेर्ना, च्याप कटर मेशिन वितरण लगायतका कार्यक्रमहरु संचालन गरिने छ ।
- बाख्रापालनलाई व्यवसायिक र आय आर्जन अभिबृद्धि गर्न नश्ल सुधार, पकेट क्षेत्र विस्तार, लागत सहभागितामा बयाडे बोका वितरण व्यवस्था गरिने छ ।
- माछा पालन व्यवसायलाई प्रबर्धन गर्न आवश्यक प्रविधि सहयोग उपलब्ध गराइने छ ।
- विपन्न, दलित, एकल महिला, बेरोजगार यूवाको आय आर्जन अभिबृद्धका लागि बाख्रा, बंगुर वितरण एवम् व्यवसायिक फर्म प्रबर्धन गर्न आवश्यक प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराईने छ ।
- पशुबस्तुमा लाग्ने विभिन्न महामारीजन्य रोग नियन्त्रणको लागि प्रभावकारी कार्यक्रम संचालन गरिने छ । साथै रेबिज रोग नियन्त्रणका लागि छाडा कुकुरलाई बन्ध्याकरण गरिने छ ।
- वडास्तरमा सेवा प्रवाह गर्न ट्रेबिज निर्माण गरिने छ ।

- पशु सेवा कार्यालयको भवन जिर्ण अवस्थामा रहेकोले नयाँ भवन निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

**<u>सहकारी, गरिवी निवारण, वित्तिय र अन्य क्षेत्र</u>**

- लघु उद्यम विकासको माध्यमबाट गरिबी निवारणका लागि विभिन्न आयमुलक तथा सीपमुलक कार्यक्रमहरु सञ्चालन गर्न निजी क्षेत्र समेतको सहकार्यमा आवश्यक व्यवस्था मिलाईदै लगिनेछ ।
- सर्वसाधारण जनताको बैकिङ्ग सेवामा पहुँच बृद्धि गर्न बजार उन्मुख अन्यक्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु स्थापना र संचालन गर्न प्रोत्साहन दिने नीति अवलम्बन गरिनेछ ।
- सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तारकालागि आवश्यक नीतिगत तयार गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगलाई पारदर्शी र प्रभावकारी उपयोग गरी नगरमा आर्थिक विकासलाई तिव्रता दिने नीति लिईने छ । आर्थिक विकासका कार्य गर्दा रोजगारी वृद्धि, गरिवी न्यूनीकरण तथा सामाजिक समावेशीकरणमा जोड दिईने छ ।
- उद्दमशीलता विकास गरी आय आर्जन गर्न समुदायको क्षमता विकास गरी परिचालन गरिने छ ।
- विगतमा गरिवी निवारण कोष मार्फत गठन भई संचालन भएका सामुदायिक संस्थाहरुको अभिलेखीकरण गरिने छ । कोष मार्फत लगानी भएको रकमको लगानी तथा असुली विवरण अद्यावधिक गरिने छ । उक्त रकमवाट विपन्न परिवारको आय आर्जनमा अभिवृद्धि गर्ने आर्थिक कृयाकलापहरु संचालन गर्न विशेष नीति अवलम्वन गरिने छ । यसकालागि वडास्तरीय र नगरस्तरीय संञ्जाल निर्माण गरी सामुदायिक संस्थाको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिने छ ।

**<u>रोजगारी निर्माण</u>**

स्थानीय रोजगारी प्रवर्द्धन तथा उद्दमशीलता बिकासकालागि १५ वटै वडाका छनौट भएका यूवालाई यूवा उद्दमशीलता तालिम प्रदान गरिनेछ । यस्तै गरी बैदेशिक रोजगारबाट घर फर्कीएका यूवालाई स्थानीय विकास तथा रोजगारी प्रवर्द्धनमा अभिप्रेरित गर्नका लागि छनौट भएका यूवालाई वैदेशिक उद्दमशीलता सदुपयोग कार्यक्रम अन्तर्गत सहयोग गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत छनौट भएका बेरोजगार युवाहरुलाई पुर्वाधारजन्य रोजगारी उपलब्ध गराई पुर्वाधार निर्माणमा सहयोग पुर्‍याइने छ ।

**<u>युवा तथा खेलकुद विकास</u>**

हाम्रा यूवाहरू विकासका संवाहक हुन । आजका युवालाई भोलीका जिम्मेवार नागरिक वनाउने अभियानमा सघाउ पुर्‍याउने कार्यक्रमलाई टेवा दिने विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । युवामा रहेको प्रतिभा विकास प्रस्फुटन हुने कार्यक्रमहरु संचालन गरिने छ । विशेषत: कुलतमा फसेका युवाहरुलाई कुलतवाट मुक्त गराउने चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ । युवालाई रोजगारी र विकासको कार्यमा जोडनु पर्ने आवश्यकता महशुस गरि युवामैत्री रोजगार कार्यक्रम अर्न्तगत सिप विकास सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छ । युवा र खेलकुद वीच अपरिहार्य सम्वन्ध रहेको हुन्छ । युवालाई स्वस्थ्य र स्फुर्त वनाउन अभिरुचि अनुसार खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विगतमा जस्तै क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ । खेलकुद क्षेत्रको विकासको लागि देहायअनुसारका कार्यक्रमहरु प्रस्ताव गरिने छ

- सवै वडामा खेल मैदान वनाउने कार्यक्रम अन्तर्गत पहिलो चरणमा साविक ५ गाविसमा ५ खेल मैदान र व्यायामशाला निर्माण कार्यलाई बजेट विनियोजन गरि प्रारम्भ गरिने छ । अन्य वडामा क्रमश कार्यान्वयन गरिदै लगिने छ ।
- संघीय र प्रादेशिक सरकारको साझेदारी सहकार्यमा वडा नं. ६ स्थित नारायण मा.वि.को चौरमा मिनी रंगशाला निर्माण गर्न प्रस्ताव पेश गरी कार्यान्वयनको व्यवस्था मिलाएको छु ।

**उपभोक्ता हकहित संरक्षण**

- उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानीय प्रहरी प्रशासन, उद्योग वाणिज्य संघ, संचारकर्मी र सरोकारवाला निकायहरुसँग समन्वय गरी बजारमा हुने कृत्रिम अभाव, कालो बजारी र एकाधिकारलाई नियन्त्रण र निरुत्साहित गर्ने कार्यलाई कार्यविधि वनाई नियमित अनुगमन गर्ने व्यवस्था गरिने छ ।

१४. पूर्वाधार विकास:

जनचाहना अनुसार दीगो र नतिजामुलक पूर्वाधार विकासका लागि आवधिक नगर योजना तयारी गरिने छ । विभिन्न पुर्वाधार विकासको लागि DPR तयार गरिनेछ । संघीय सरकार र प्रदेश सरकारको सहयोग र साझेदारीमा दिगो तथा ठुला पुर्वाधारहरुको निर्माण गरिने छ । यसकालागि समपुरक कोषको व्यवस्था गरिने छ । नगर यातायात गुरु योजना, बृहत ढल निकास योजना भू-उपयोग योजना एवम् प्रकोप व्यवस्थापन योजनाको DPR तयार गरी ईश्वरपुर नगरपालिकालाई आधुनिक सुविधा सम्पन्न नमूना सहर (Smart City) बनाउनकालागि संघीय सरकारसंग प्रस्ताव गरिने छ । प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने यान्त्रिक उपकरणहरु (टोटल स्टेशन, ह्विल टेप, जापनिज टेप, स्मार्ट रोड डिभाइस, जिपिएस) को व्यवस्थापन गरी जनशक्तिलाई सवलीकरण गरिनेछ । पुर्वाधार विकासका अन्य नीति तथा कार्यक्रमहरु देहायअनुसार हुने व्यवस्था मिलाएको छु । नगरपालिकावाट निर्माण भएका सार्वजनिक पुर्वाधारहरुको आकस्मिक मर्मत गर्न मर्मत संभार कोषको नीतिगत व्यवस्था र आवश्यक बजेट व्यवस्था गरि आकस्मिक मर्मत सुधार कोष खडा गरिने छ । सार्वजनिक पुर्वाधार विकास, निर्माण र मर्मत कार्यकोलागि न्युनत्तम रुपमा आफ्नै साधन तथा यान्त्रिक उपकरण हुनु पर्ने आवश्यकतालाई मध्यनजर गरि कम्तिमा १ वटा एक्टाभेटर थप र १ वटा ट्रिपर र २ वटा ट्र्याक्टर खरिद गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

- चालु आ.ब.मा शुरू गरी सम्पन्न हुन बाँकी योजनाहरूलाई प्राथमिकतामै राखी आगामी आ.ब. मा सम्पन्न गरिनेछ ।
- ठुला आयोजना निर्माण गर्दा अनिवार्यरुपमा वातावरणीय अध्ययन मूल्यांकन र प्रभाव मूल्यांकन गरिने छ ।
- नगरपालिकाको केन्द्रसम्म यसमा समाहित भएका तत्कालिन भक्तिपुर, बेला, कालिञ्जोर र गौरीशंकर गा.वि.स. क्षेत्रमा यातायात पहुँच बढाउन ईश्वरपुरसँग जोडिने प्रमुख सडकहरुको स्तरोन्नती र कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका दिइनेछ ।
- नगर क्षेत्र भित्रका अत्यावश्यक स्थानहरुमा पक्की पुल तथा कलभर्ट क्रमश: निर्माण गरिनेछ । यसकालागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- शहरी सुन्दरता र शान्ति सुरक्षाको लागि **उज्यालो शहर ईश्वरपुर नगर** अभियान प्रारम्भ गरिने छ । आगामी आ.व.मा विद्युत प्राधिकरणको सहकार्यमा ईश्वरपुर नगरपालिका वडा नं ५, ६, ७ को मुख्य बजार, वस्ती, चोक चौराह र अन्य वडाका बजार, चोक चौराहा मठमन्दिर क्षेत्रमा विद्युत पोलमा भेपरलाइट जडान गरिने छ ।
- नगरक्षेत्र भित्र वसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरी डिपिआर तयार गरिने छ ।
- विद्युत सेवाको पहुँच नपुगेका वस्तीहरुमा आवश्यक पोल सहित विद्युतीकरणको व्यवस्था मिलाईनेछ साथै सम्भाव्यता र आवश्यकताका आधारमा सौर्य बत्तिको विस्तार गरिनेछ ।
- मुख्य सार्बजनिक स्थलहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।
- नगरको बडा नं ३ स्थित बाँध टोल दुर्गा मन्दिरमा वाल उद्यान निर्माण गरिनेछ । पूर्ब पश्चिम राजमार्ग नजिक उपयुक्त स्थानमा विविध सुविधायुक्त पार्क निर्माण गर्ने कार्य आगामी आ.ब. मा सुरू गरिनेछ ।

- वडा नं ६ क्याम्पसचोकमा खेल मैदान, कभर्ड हल सहितको रङ्गशाला निर्माण कार्य आगामी आ.ब. मा सुरू गरिनेछ । आगामी ५ (पाँच) वर्ष भित्रमा सवै वडाहरुमा व्यवस्थित वालउद्यान र खेल मैदानको व्यवस्थाका गर्ने नीतिलाई निरन्तरता दिईनेछ । आगामी आ.व.मा DPR तयार गरी कार्यान्वयनकोलागि सम्पुरक कोषमा बजेट विनियोजन गरी लागत सहभागिताकोलागि संघीय सरकार एवं प्रदेश सरकार समक्ष प्रस्ताव पेश गरिनेछ ।

१५. वातावरण तथा विपद व्यवस्थापन

- स्थानीय समुदायको वातावरण व्यवस्थापनमा सक्रिय सहभागिता वृद्धि गरी विपद जोखिम न्यूनीकरण तथा विपद पूर्व तयारी गर्दै जाने ।
- समुदायस्तरमा जुनसुकै अवस्थामा पनि विपद व्यवस्थापनको कार्यमा आवश्यक सहयोग गर्न सकिने व्यवस्था मिलाउने गरी विपद् व्यवस्थापन कोष खडा गर्ने र कोषवाट तत्काल सहयोग पुर्‍याउन आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिने व्यवस्था प्रस्ताव गरेको छु ।
- छिमेकी स्थानीय तहको सहकार्यमा दमकल खरिद तथा सञ्चालन व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखेको छु ।
- विशेषतः राजमार्ग किनारालाई हरियालीयुक्त वनाउने अभियान अन्तर्गत पहिलो चरणमा फुलजोर देखि खोरियाटोलसम्मको सडकमा वृक्षारोपण गर्ने कार्यक्रम प्रस्ताव गरेको छु ।
- वातावरण व्यवस्थापनका अन्य कार्य आवश्यकता वमोजिम सञ्चालन गरिदै लगिने छ ।
- बाढिबाट प्रभावित बस्तीमा घरबस्ती बचाउ अभियान संचालन गरिने छ ।
- जंगली हाथीको आतंकबाट मानवीय क्षत्ति हुन नदिन सम्बन्धित निकायसँग समन्वय गरि नियन्त्रणका लागि आवश्यक पहल गरिने छ ।
- विपद व्यवस्थापन कोष सञ्चालन गर्न आवश्यक नीति सहित बजेट व्यवस्था गरिने छ ।
- विपद व्यवस्थापन ऐन, नियम तथा कार्यविधि तर्जुमा गरिने छ । साथै वातावराणीय प्रदुषण नियन्त्रणको लागि आवश्यक नीति तथा कार्ययोजना तयारी गरिने छ ।
- आपतकालिन केन्द्र सञ्चालनकोलागि आवश्यक प्रवन्ध गरिने छ ।
- जोखिम क्षेत्रको पहिचान, नक्शांकन गरिने छ । स्थानीय वातावराण ऐन, वातावरणमैत्री स्थानीय शासन पद्दति विकास गरिने छ ।

१६. संस्थागत विकास सेवा प्रवाह र सुशासन

- जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी संस्थागत सुदृढीकरणको माध्यमवाट स्थानीय सुशासन प्रवर्द्धन गर्दै जाने र नागरिकले प्राप्त गर्ने सेवालाई छिटो छरितो वनाई नागरिक मैत्री स्थानीय तहमा रुपान्तरण गर्ने नीति अवलम्वन गरिने छ । ईश्वरपुर नगरपालिकाको वडा संख्या, जनसंख्या र सेवा प्रवाहको क्षेत्रलाई आधारमानी तयार गरिएको संगठन संरचना र प्रस्तावित दरवन्दीमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न सम्वन्धित निकायमा माग गर्ने व्यवस्था मिलाएको छु । हाल वडा कार्यालय भवन नभएको वडा नं. ५,७, ९, १३ र १४ मा वडा कार्यालय निर्माण गरि जनशक्ति व्यवस्थापन गर्दे जाने नीति प्रस्ताव गरेको छु । वडा कार्यालयलाई प्रविधि मैत्री वनाउन आवश्यक प्रवन्ध मिलाउने नीति प्रस्ताव गरेको छु ।
- क्षमता अभिवृद्धि योजना तर्जूमा गरिने छ । पदाधिकारी तथा विषयगत शाखा र कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरि अधिकार प्रत्यायोजन गर्ने नीति अवलम्वन गरिने छ ।
- वार्षिक खरिद योजना, खरिद गुरुयोजना तयार गरि खरिद तथा निर्माण कार्य प्रारम्भ गरिने छ ।

- दिगो विकासका लक्ष्य र सूचकहरुको स्थानीयकरण गरी वार्षिक तथा आवधिक योजनामा कार्यक्रम समावेश गरी लक्ष्यप्राप्तिकालागि आवश्यक पहल गरिने छ ।
- सातौ नगरसभावाट स्वीकृत गरिएको संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदनमा उल्लेख भएअनुसारको शाखागत रुपमा ईश्वपुर नगरपालिकालाई आवश्यक पर्ने दरवन्दी अनुसारको जनशक्ति सम्वन्धित निकायवाट व्यवस्थापन गरि शाखाहरुलाई, सुदृढीकरण गरिने छ । कार्यालयको कार्यक्षमता समयानुकुल अभिवृद्धि गरिने छ ।
- नागरिक गुनासो सुनवाईको लागि प्रत्येक महिना मेयरसँग मनका कुरा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिने छ ।
- सेवा प्रवाहलाई बढि प्रभावकारी बनाउन सार्वजनिक सुनवाई, सामाजिक परीक्षण चौमासिक तथा वार्षिक प्रगति समिक्षा गोष्ठी जस्ता कार्यक्रम संचालन गरि प्राप्त पृष्ठपोषणको आधारमा सेवा प्रवाहमा सुधार ल्याईने छ ।
- स्थानिय तहमा भएका असल अभ्यासहरुलाई एक आपसमा आदन प्रदान गर्न अन्तर स्थानिय तह बिच सहकार्य गरिने छ ।
- नगरपालिकामा सेवागाह्रीमैत्री पूर्वाधार निर्माण गरिने छ । कार्यालय परिसरभित्र नागरिकमैत्री पार्क, व्यवस्थित पार्कीङ पूर्वाधार निर्माण गरिने छ ।
- ईश्वपुर नगरवासीलाई नागरिकता वनाउन मलंगवा र हरिवन जानु पर्ने वाध्यात्मक अवस्थाको अन्त्यको लागि ईश्वरपुरमा इलाका प्रशासन कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- ईश्वपुर नगरवासीलाई नापी र मालपोत कार्यालयामा पर्ने काम गर्न मलंगवा र हरिवन जानु पर्ने वाध्यात्मक अवस्थाको अन्त्यको लागि ईश्वरपुरमा इलाकास्तरीय नापी तथा मालपोत कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।

**<u>नगर प्रहरी</u>**

सातौ नगरसभावाट स्वीकृत गरिएको संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदनमा उल्लेख भएअनुसारको ईश्वपुर नगरपालिकालाई आवश्यक पर्ने नगर प्रहरी आगामी आ.व.मा व्यवस्थापन गरिने छ ।

**<u>राजस्व प्रशासनः</u>**

- राजस्व परामर्श समितिको सिफारिसमा पेश भएका कर, सेवाशुल्क, दस्तुरको दररेटलाई आधार मानी आन्तरिक आय संकलन कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकालाई आन्तरिक राजश्व वद्धि गर्न सबल, सक्षम र प्रतिस्पर्धी बनाउन करको दायरालाई फराकिलो बनाइने छ । यसको लागि सरोकारबाला पक्षसँग आवश्यक छलफल समन्य तथा सहकार्य गरि आवश्यक नीति निर्माण गरिने छ ।
- यस नगरपालिकाको १५ वटै वडाहरुमा विधुतीय माध्यमद्धारा कर संकलन कार्यलाई प्रभावकारी बनाई सेवाग्राहीलाई चुस्त र दुरुस्त सेवा प्रदान गरिने छ ।
- व्यवसाय करलाई व्यवस्थित गर्न र नीजि क्षेत्रको सहभागीतामा अझ प्रभावकारी कार्ययोजना बनाई व्यवसायको कारोवार एवम् पूँजीको आधारमा वर्गीकरण गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरपालिकामा सबैभन्दा बढि कर तिर्ने तथा रोजगार सिर्जना गर्ने व्यवसायी वा उद्यमीलाई सम्मान गर्ने कार्यको थालिनी गरिने छ ।
- राजस्व प्रशासनलाई व्यवस्थापन गर्न राजस्व सुधार ऐन र कार्ययोजना तयारी गरिने छ ।
- प्राकृतिक श्रोतहरु (नदीजन्यपदार्थ सहित) को समुचित प्रयोगका लागि वातावरणीय प्रभाव मूल्यांकनमा जोड दिइनेछ । फुलजोर र बाँकेखोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको

समयावधि समाप्त हुने क्रममा रहेकोले पुनः अध्ययन प्रतिवेदन तयारी कार्य चालु आ.व.वाट प्रारम्भ गरिने छ ।

- घर जग्गा तथा सम्पतिको रजिष्ट्रेजेशन प्रयोजनको लागि जग्गाको मूल्यांक समयानुकुल परिमार्जन गरि सिफारिस गरिने छ ।

१७. बयलवास बजार तथा अन्य बजारको विकास

ईश्वरपुर नगरपालिकाको केन्द्रको रुपमा रहेको बयलवास बजारको सर्वाङ्गिण विकासको लागि तयार भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) वमोजिम २ वटा आधुनिक कम्प्लेक्स भवन लगायतका अन्य पुर्वाधारहरुको निर्माण कार्य नीजिक्षेत्रको सहकार्यमा सार्वजनिक नीजि क्षेत्रसंगको साझेदारी मोडल (PPP) वाट निर्माण प्रारम्भ गर्न नगर विकास कोषसंग सम्झौता गरी कार्यान्वयनको व्यवस्था आगामी आ.व.मा प्रारम्भ गरिने छ । साझेदारीको लागि आवश्यक बजेट आगामी वर्ष देखि नै विनियोजन गर्ने व्यवस्था मिलाएको छु । बयलवास बजारको व्यवस्थापन र विस्तार सम्वन्धमा देहायअनुसारको नीतिगत अवलम्वन गर्ने प्रस्ताव गरेको छु ।

- हाल रहेको पशु हाट बजारलाई उपयुक्त स्थान छनौट गरि स्थानान्तरण गरिने छ ।
- हाल रहेको पशु वधशालालाई उपयुक्त स्थान छनौट गरि अत्याधुनिक वधशाला निर्माण गरी स्थानान्तरण गरिने छ ।
- साप्ताहिक हाट बजारलाई नियमित र स्थायी बजारको रुपमा रुपान्तरण गरिने छ ।
- वयलवास बजारको मुलसडकमा खाली रहेको स्थानमा बगैचा पार्क निर्माण तथा राष्ट्रिय विभूतिहरुको मूर्ति स्थापना सहित यात्रु प्रतिक्षालय निर्माण गरिने छ ।
- नगरपालिका अन्तर्गत पर्ने अन्य प्रमुख बजारहरु (मियाँखोर, चौलिखा, सुकनाहा, ईश्वरपुर र बेला बजारको पुर्वाधार सुधारको कार्य आगामी आ.व.मा प्रारम्भ गरिने छ ।

१८. सरसफाई तथा फोहोरमैला व्यवस्थापन

दिगो रुपमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन राष्ट्रिय रुपमा चुनौतीपुर्ण रहेको सर्वविदितै छ । यद्यपि कतिपय स्थानीय तहले फोहोरलाई मोहरमा परिणत गरेका उदाहरणहरु समेत हामीलाई जानकारीमा छ । दिगो रुपमा सरसफाई र फोहोर मैला व्यवस्थापनमा नागरिकहरुको सहकार्य र सहयोग विना स्थानीय तहले यसको व्यवस्थापन गर्न कठिनाई नै हुने गर्दछ । नागरिक सहयोग र सहकार्यको अपेक्षा गरि आगामी आ.व. देखि ईश्वरपुर नगरपालिका वडा नं. ५, ६ र ७ बजार क्षेत्रमा नीजि क्षेत्रको सहकार्यमा सरसफाई तथा फोहोर मैला व्यवस्थापनको कार्य कार्यान्वयन गरिने छ । यसको प्रभावकारितालाई अध्ययन गर्दै थप वडामा क्रमश विस्तार गर्दै लगिने छ । फोहोरमैलाको दिगो व्यवस्थापनकोलागि छिमेकी स्थानीय तहसंग सहकार्य गरि ल्याण्डफिल साइडको संभाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

- टोलसुधार संस्थाको गठन, कार्यविधि निर्माण र परिचालनको व्यवस्था मिलाइने छ । विशेषतः फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, जनचेतना अभिवृद्धि सम्वन्धी कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा गरिने छ ।

१९. पर्यटन विकास र उद्योग

- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संभाव्यता अध्ययन गरी पर्यटन पुर्वाधार निर्माण गरिने छ । वडा नं. १२ को राजारानी डाडा, वडा नं. ४ को सागरनाथ महादेव मन्दिरको परिसरमा धार्मिक पर्यटन क्षेत्र, वडा नं. ३ पक्कावाँध सिमसार क्षेत्र, वडा नं. ६ को फुलजोर वावा मन्दिर, दस विगाहा उद्यान क्षेत्रलाई पर्यटन प्रवर्द्धनको लागि आवश्यक नीतिगत व्यवस्था गरी बजेटको व्यवस्था हुन संघीय र प्रादेशिक सरकार समक्ष प्रस्ताव पेश गर्ने व्यवस्था मिलाएको छु ।

- आन्तरिक पर्यटन प्रबर्द्धन गर्नका लागि यस नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई ७ दिने पर्यटन काजको व्यवस्था मिलाईने छ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सिमसार क्षेत्रको सम्भाव्यता अध्ययन गरि सिमसार क्षेत्रको संरक्षण, पोखरी निर्माण तथा पार्क निर्माण कार्यलाई विशेष प्राथमिकता दिइने छ ।

२०. सेवा प्रवाह, संस्थागत विकास तथा सुशासनसंग सम्बन्धित नीतिहरु

- आ. ब. २०७९।८० मा यस नगरपालिकाको डिजिटल प्रोफाइल तयार गरिने छ ।
- जनताको घरदैलोमा सेवा पहुँच अभिबृद्धि गर्न मालपोत कार्यालय र नापी कार्यालयको स्थापनाको लागि सम्बन्धि निकायमा पहल गरिने छ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरु क्षमता अभिबृद्धिका लागि अध्ययन अवलोकन भ्रमण तालिम गोष्ठी जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- कार्य सम्पादनमा आधारित मुल्याँकन पद्धतिबाट नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिईने छ ।
- लिसा तथा फा मा उत्कृष्ट अंक प्राप्तिमा योगदान गर्ने कर्मचारीलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा पुरस्कृत गरिने व्यवस्था मिलाईने छ ।

२१. न्यायिक समिति

संवैधानिक व्यवस्था बमोजिम गठन भएको न्यायिक समितिलाई सक्षम, सबल तथा न्यायिक निरुपणका लागि आवश्यक नीतिगत व्यवस्था मिलाईने छ । समुदायमा रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ । वडातहमा मेलमिलापकर्ताको रोष्टर तयार गरि जिम्मेवारी तोक्ने कार्यको थालनी गरिने छ । न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम उपलब्ध गराइने छ । न्यायिक सम्पादन हेतु आवश्यक ऐन, नियम तथा कार्यविधि तयारी गरिने छ ।

२२. अव्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन

ईश्वरपुर नगरपालिकामा भूमिहिन सुकुम्बासीको लगत संकलन कार्य सम्पन्न भएको छ । सुकुम्बासीहरुलाई भूमि वितरण कार्यलाई आयोगसँग सहकार्य गरि समस्या समाधानको लागि आवश्यक व्यवस्थापन गरिने छ । साथै आयोगको सहकार्यमा अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन पहल गरिने छ ।

२३. औद्यौगिक क्षेत्र प्रबर्द्धन कार्यक्रम

सरकारी स्वामित्वमा रहेका ऐैलानी परती, नदि उकास जग्गाको लगत संकलन गरि त्यस्ता जग्गाहरुमा उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार तयार गरि लगानीमैत्री नीति तर्जुमा गरिने छ

- नगरपालिकाको स्वामित्वमा रहेका ऐलानी, परती, नदी उकास जग्गाको पहिचान गरी औद्योगिक ग्रामको डिपिआर तयार गरिने छ ।
- औद्योगिक ग्राम सञ्चालनको लागि आवश्यक नीति तथा कार्यविधिहरु तयारी गरिने छ । घरेलु साना तथा मझौला उद्योग स्थापनाकोलागि विशेष प्राथमिकता दिइने छ ।

२४. भवन निर्माण, नक्सा पास, सम्बन्धी नीतिहरु

व्यवस्थित शहरीकरणलाई विकास गर्न नगर भित्रका संरचनाहरूको अभिलेखीकरण गर्ने उद्देश्यले साविकका संरचनाहरूको नक्सा सहित अभिलेखीकरण गराउनु पर्ने व्यवस्थालाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ । नयाँ निर्माण गरिने भवनको अनिवार्य रुपमा नक्सा पास गराइ मात्र निर्माण गर्न अनुमती दिइने छ । नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरु, सार्वजनिक पोखरी,

पानी मुहान, नदी तथा नदी किनार, सार्वजनिक पैनीको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिन अभिलेख अद्यावधिक गर्दै लगिनेछ । ईश्वरपुर नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरु नगरपालिकाको स्वामित्वमा ल्याउनका लागि सबैको सहयोग प्राप्त हुने अपेक्षा लिइएको छु ।

२५. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्ध विस्तार

नगरको पहिचान र हितलाई उच्च प्राथमिकता दिई राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्वन्ध विस्तार कार्यकमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गर्न वजेटको व्यवस्था मिलाईने छ ।

२६. आगामी आ.व. २०७९/०८० का लागि प्रस्तावित कुल बजेट तथा विषयगत विनियोजन विवरण

अब, म, आगामी आर्थिक बर्षको लागि हामीले प्रस्ताव गरेको खर्च व्यहोर्ने स्रोतहरुको वारेमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु :

**संघिय सरकारको तर्फबाट :**

| | |
|---|---|
| समानिकरण अनुदान | रु. १७,४९,००,०००।०० |
| शसर्त अनुदान चालु | रु. २४,७६,००,०००।०० |
| शसर्त अनुदान पुँजीगत | रु. २,७४,००,०००।०० |
| विशेष अनुदान पुँजीगत | रु. ७०,००,०००।०० |
| समपुरक अनुदान | रु. १,७०,००,०००।०० |
| राजश्व बाँडफाँड | रु. १४,१९,०८,०००।०० |
| सामाजिक सुरक्षा भत्ता | रु. १८,००,००,०००।०० |

**प्रदेश सरकारको तर्फबाट :**

| | |
|---|---|
| समानिकरण अनुदान | रु. १,२८,३५,०००।०० |
| विशेष अनुदान | रु. ३०,००,०००।०० |
| समपुरक अनुदान | रु. २०,००,०००।०० |
| राजश्व बाँडफाँड | रु. १,२९,५५,३५३।०० |

**आन्तरिक स्रोतबाट :**

| | |
|---|---|
| आन्तरिक राजश्व | रु. ३,५०,००,०००।०० |

**जम्मा रु. ८६,१५,९८,३५३।०**

**उपप्रमुखज्यु, नगरसभा सदस्यज्यूहरु :**

२७. ईश्वरपुर नगरपालिकाका प्रत्येक वडाहरूमा सडक स्तरोन्नती, सडक वत्ति, तथा अन्य आकस्मिक मर्मतका कार्यहरु तथा तत्काल आवश्यक पर्ने खालका योजनाहरु संचालन गर्न वडाबाट कार्यक्रमहरूको अनुगमन गर्ने गरी बडाबाट प्राप्त कार्यक्रमहरूका लागि आवश्यक बजेट प्रस्ताव गरिनेछ । समानुपातिक, समन्यायिक, दिगो तथा सन्तुलित विकासका लागि बस्ती, टोललाई सशक्तिकरण गरी परिचालन गर्न वडास्तरीय बजेटको आवश्यकता पर्ने हुनाले वडाको जनसंख्या र भुगोल, सामाजिक आर्थिक अवस्थालाई विश्लेषण गरी आवश्यक बजेट सिमा निर्धारण गरिएको छ । वडालाई उपलब्ध गराईने बजेट सीमा भित्र पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता राखी नागरिकको सामाजिक र आर्थिक विकासलाई समेत विशेष प्राथमिकतामा राखी योजना तथा कार्यक्रमहरु तर्जुमा भएका छन । यसका अतिरिक्त वडा कार्यालय व्यवस्थापन तथा सञ्चालनका लागि प्रत्येक वडालाई बजेटको छुट्टै व्यवस्था समेत प्रस्ताव गरिनेछ ।

२८. योजनाको कार्यान्वयन पक्ष अति महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न समभ्रदारी, सहकार्य, साभ्रेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा सम्पूर्ण सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत अन्तर्राष्ट्रिय संघ संस्था, गैर सरकारी संस्थाहरु, लगायतका सम्पूर्ण सरोकारवालालाई रचनात्मक सुभ्राब तथा सहयोगकालागि म ईश्वरपुर नगरपालिका र सम्पुर्ण नगरवासीका तर्फबाट हार्दिक अनुरोध गर्दछु ।

२९. आगामी आ.व. २०७९/०८० मा योजनाको कार्यान्वयनकोलागि स्वीकृत योजनाको वार्षिक खरिद योजना र वार्षिक कार्यक्रम कार्यान्वयन तालिका स्वीकृत गरी आर्थिक वर्षको प्रारम्भ देखि नै कार्यान्वयन गर्ने नीतिलाई उच्च प्राथमिकता दिइने छ ।

३०. आज प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनकालागि यसै सभामा आ. ब. २०७९/०८० कालागि विस्तृत बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ । वजेट तथा कार्यक्रम नगर सभावाट स्वीकृत भएपश्चात सार्वजनिक गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, आर्थिक विधेयक तथा विनियोजन विधेयकमा विस्तृतमा उल्लेख भएको व्यहोरा अनुरोध गर्दछु ।

३१. नगरपालिकाको सर्वाङ्गिण विकासकालागि सवै राजनीतिक दल, नागरिक समाज, सामाजिक संस्थाहरुबाट प्राप्त सुभ्रावहरुलाई आत्मसाथ गर्दै हामी जनप्रतिनिधिहरुले आफ्नो राजनैतिक दलको मात्र नभई समग्र ईश्वरपुरवासी नागरिकको प्रतिनिधिको रुपमा सेवा गर्ने विश्वास यहाँहरुलाई दिलाउन चाहन्छु ।

३२. अन्तमा, यस ईश्वरपुर नगरपालिकाको आगामी आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तयारी कार्यमा सहयोग गर्नु हुने वजेट तर्जुमा समितिका पदाधिकारीज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यूहरु, राजस्व परामर्श समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत विषयगत शाखाका प्रमुखज्यूहरु एवं नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद् व्यक्त गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग र सुभ्राव दिनु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरू एवं सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

मनोज कुमार आचार्य
नगर प्रमुख
ईश्वरपुर नगरपालिका